नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक २९५ २०७९ साल असार २२ गते बुधबार (6 July 2022 Wednesday) मूल्य रु. ५/-

बचत गर्दा ध्यान दिऔं।

सहकारी लगायत वित्तीय संस्थामा रकम जम्मा गर्दै हुनुहुन्छ?

हो भने,

त्यस्ता संस्थाको वित्तीय विश्वसनियताको परीक्षण गर्न नबिर्सौं। अधिक लाभको लोभमा नफसौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : गरिबी अन्त्य र रोजगारी सृष्टि गर्ने कुरा ३ पृष्ठमा : बालबालिकामा विभिन्न ... ३ पृष्ठमा :लाओसमा छ महिनामा छ...

# मिटरब्याजी साह परिवारबाट पीडित भएकाहरुद्वारा अदालतकै अगाडी आत्महत्या गर्ने चेतावनी



**दैनिक समाचारदाता**
**राजविराज, २१ असार ।**

मिटरब्याजी रामदेव साह र उनका परिवारबाट पीडित भएकाहरुद्वारा मंगलबार दिनभर जिल्ला अदालत सप्तरीको मूल गेट अगाडी दिनभर धर्ना दिँदै प्रदर्शन गरेका छन् ।

मिटरब्याजको आरोपमा पक्राउ परेकाहरुको बयान लिने काम भइरहँदा सप्तरी जिल्ला अदालतको मूल गेटमा पीडितहरुले दिनभर धर्ना र प्रदर्शन गरेका हुन् ।

बिहान ११ बजेदेखी अदालत बन्द हुने समय ५ बजेसम्म लगातार धर्ना र नाराबाजी गरेका हुन् । उनीहरुले आफूहरुलाई चर्को मिटर ब्याज लिएर घरबार बिहीन बनाउने सप्तरीको खडक नगरपालिका ७ कल्याणपुर बजारका साहुकार मिटरब्याजी रामदेव साह र उनका परिवारलाई कारवाही नगरिए अदालतकै अगाडी आत्महत्या गर्ने चेतावनी समेत दिएका छन् ।

मिटरब्याजी साह परिवारबाट पीडितहरुद्वारा गठित संघर्ष समितिका संयोजक तैयब अलीले हाल फरार रहेका रामदेवलाई अविलम्ब पक्राउ गर्न र पक्राउ परिसकेका रामदेवका छोरा नन्दकिशोर छोरी अनुराधामाथी कानुन बमोजिम कारवाही हुनुपर्ने माग गरेका छन् ।

पीडितहरुले साह परिवारसँग लिएको ऋण चर्को ब्याजसहित चुक्ता गरिसकेपनि बन्धकी स्वरुप राखेको जग्गा फिर्ता नगरेको भन्दै दिनहुँ जसो सदरमुकाम राजविराजमा प्रदर्शन गर्दै आइरहेका छन् । उनीहरुले अदालतबाट न्याय नपाए अब आफूहरुसँग मर्नुको विकल्प नरहेको बताउँदै आएका छन् ।

पीडितहरुको उजुरीको आधारमा रामदेवका छोरा नन्दकिशोर र छोरी अनुराधा दुई साताअघि नै पक्राउ परि ठगि तथा आपराधिक विश्वासघात मुद्दामा अनुसन्धानका क्रममा प्रहरी हिरासतमा छन् ।

दुई पटक अदालतबाट अनुसन्धानका लागि म्याद थप गरिएका दुबै जनाको मंगलबार न्यायाधिश सूर्यप्रकाश अधिकारीको उपस्थितिमा बयान लिने काम सकिएको छ । बुधबार थुनछेक बहस हुने अदालत श्रोतले जनाएको छ । यता प्रहरीले रामदेवको व्यापक खोजतलास भइरहेको जानकारी दिएको छ ।

# रामेछाप बस दुर्घटनामा १३ को मृत्यु

काठमाडौँ, २१ असार (रासस) ।

रामेछाप जिल्लाको सुनापाती गाउँपालिकास्थित लुभुघाटमा मंगलबार बिहान भएको बस दुर्घटनामा परी १३ जनाको मृत्यु भएको छ । नौ जनाको घटनास्थलमा र चार जनाको काभ्रेस्थित अस्पतालमा उपचारका क्रममा मृत्यु भएको हो । अन्य २२ जना घाइते छन् ।

सामान्य घाइते भएका गाडी चालकलाई भने प्रहरीले नियन्त्रणमा लिएको छ । सहचालक उपचारपछि घर फर्किएका छन् । अन्य २० जनाको उपचार जारी छ । जिल्ला प्रशासन कार्यालय रामेछापका अनुसार गाडीमा चालक सहचालकसहित ३५ जना रहेका थिए । उनीहरुमध्ये चालक भने गाडी घुम्तीबाट खस्नै लाग्दा फाल हानेका कारण ठूलो घाइते हुनबाट जोगिएका छन् । उनी आफैँ रामेछाप प्रहरीमा सम्पर्कमा पुगेको जनाइएको छ । रामेछापका प्रमुख जिल्ला अधिकारी दीपककुमार पहाडीले उनलाई अहिले प्रहरीले नियन्त्रणमा लिएको जानकारी दिनुभयो ।

मंगलबार बिहान झण्डै ७ बजेतिर रामेछापको सुनापती गाउँपालिकाको केन्द्र हिलेदेवीबाट काठमाडौँ आउँदै गरेको बा३ख ८३९६ नंको यात्रुबाहक बस बिहान अन्दाजी १० बजेको समयमा जिल्लाको सुनापती गाउँपालिका-५ लुभुघाटमा दुर्घटनामा परेको थियो ।

स्थानीयवासीले गाडीको ब्रेक फेल भएर दुर्घटना भएको दाबी गरेका छन् । प्रहरीका केन्द्रीय प्रवक्ता विष्णुकुमार केसीले पनि गाडीको इन्जिन खराबीका कारण दुर्घटना भएको प्रारम्भिक अनुमान रहेको जानकारी दिनुभयो ।

# श्रोत नखुलेको ८३ लाख रुपैयासहित दुई पक्राउ

**दैनिक समाचारदाता**
**जनकपुर, २१ असार ।**

सशस्त्र प्रहरी बल धनुषाले आलुको बोरामा लुकाएर ल्याउँदै गरेको श्रोत नखुलेको ८३ लाख ६४ हजारसहित मंगलबार दुईजनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा धनुषाको जनकनन्दनी गाँउपालिका ५ उदाहका ३६ वर्षीय ईश्वर मण्डल र १९ वर्षीय राजेश मण्डल छन् ।

उनीहरुलाई जनकनन्दनी १ इनर्वा सीमाबाट नियन्त्रणमा लिएको सशस्त्र प्रहरी बलका प्रहरी निरीक्षक शम्भु कटुवालले जानकारी दिए । प्रहरीले भारतबाट ज७प ५००७ नम्बरको मोटरसाइकलमा आलुको बोरामा रकम बोकेर आउँदै गरेको अवस्थामा नियन्त्रणमा लिएको थियो ।

दुवैजनालाई आवश्यक कारबाहीका लागि रकमसहित जिल्ला भन्सार कार्यालय जनकपुरको जिम्मा लगाएको सशस्त्र प्रहरी बलले जनाएको छ ।

# थप ९० जनामा संक्रमण पुष्टि

काठमाडौँ, २१ असार (रासस) ।

देशभर पछिल्लो २४ घण्टामा थप ९० जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ । सो अवधिमा तीन हजार ११२ को नमूना परीक्षण गरिएको थियो । एक हजार ९४४ ले पिसिआर र एक हजार १५८ को एन्टिजेन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।

सो अवधिमा २० जना संक्रमणमुक्त भएका छन् । यससँगै संक्रमणमुक्त हुनेको संख्या नौ लाख ६७ हजार ५५५ पुगेको छ । संक्रमणमुक्त हुने दर ९८ दशमलव सात प्रतिशत रहेको मन्त्रालयले जनाएको छ । पछिल्लो २४ घण्टामा एक लाख ११ हजार ५३१ ले कोभिडविरुद्धको खोप लगाएका छन् । हाल सक्रिय संक्रमितको संख्या ४०१ रहेको छ । अहिलेसम्म कोरोनाबाट मृत्यु हुनेको संख्या ११ हजार ९५२ पुगेको छ । होम आइसोलेसनमा ३९९, संस्थागत आइसोलेसनमा दुई, आइसियु दुई र भेन्टिलेटरमा एक जना संक्रमित रहेका छन् ।

हाल देशभरमा २०० भन्दा बढी सक्रिय सङ्क्रमित भएका जिल्ला कुनै पनि छैनन् । शून्य संक्रमित रहेका जिल्लामा सोलुखुम्बु, संखुवासभा, तेह्रथुम, ताप्लेजुङ, सप्तरी, मनाङ, मुस्ताङ, म्याग्दी, गोरखा, तनहुँ, नवलपरासी दाङ, अर्घाखाँची, जाजरकोट, जुम्ला, डोल्पा, हुम्ला, रुकुम पश्चिम, कालीकोट, मुगु, बाजुरा, दार्चुला, बझाङ, डडेलधुरा र कञ्चनपुर रहेका छन् । उपत्यकाका तीन जिल्लामध्ये हाल काठमाडौँमा २१९ र ललितपुर ३४ र भक्तपुरमा १० सक्रिय संक्रमित रहेको मन्त्रालयले जनाएको छ । कूल संक्रमण दर १७ प्रतिशत छ ।

जनज्योती कृषि सहकारी संस्था लि. स्था.-२०६८ मलेठ, सप्तरी

## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

# गरिबी अन्त्य र रोजगारी सृष्टि गर्ने कुरा देखिनसहनेले बजेटको बिरोध गरे



जनार्दन शर्मा प्रभाकर
अर्थमन्त्री

देशको बर्तमान आर्थिक अवस्थालाई हाम्रो क्षमता, स्रोत साधन, जनशक्ति र हामीसँग भएको पुँजीलाई प्रविधिसँग एकाकार गरेर जानुपर्ने आजको आवश्यकता हो। यसलाई परिचालन गरेर मात्र हामी हाम्रो अर्थतन्त्रलाई सुदृढ गर्न सक्छौँ। यि नै उपकरणको अधिकतम प्रयोगबाट हाम्रो अर्थतन्त्रलाई सबल बनाउन सक्छौँ भन्ने ध्येयका साथ आर्थिक बर्ष ०७९-८० को बजेट आएको छ।

मुलुकको अर्थतन्त्रलाई 'आयातबाट उत्पादनतर्फ, जोखिमबाट समष्टिगत आर्थिक स्थिरतातर्फ, बञ्चितिकरणबाट समावेशीतातर्फ' प्रस्थान गर्ने गरी बजेट प्रस्तुत गरिएको छ। मुख्यगरी देशको अर्थतन्त्रका बारे चिन्तित भएको कुरा बाहिर आइरहेको छ र यो चिन्तालाई सम्बोधन गर्ने बजेट आयो कि आएन भनेर विश्लेषण गर्नुपर्ने खाँचो छ। बजेटमा राखिएका विषयहरू स्पष्ट छन्। कतिपयले पूर्वाग्रह राखेर अर्थमन्त्रीको वर्गीय दृष्टिकोण नै विचलन भयो भन्ने आरोप पनि लगाएका छन्, ती प्रश्न उठानकर्तालाई धन्यवाद छ। जे जस्ता प्रश्न उठेका छन्, त्यसले मेरो देशप्रमको भावना घटेको छैन, कति पनि विचलन आएको छैन भन्ने कुरा प्रष्ट पार्न चाहन्छु।

हाम्रो देशमा स्रोत साधन र जनशक्तीको कमी होइन। इच्छाशक्ती, खोज, प्रतिबद्धता र इमान्दारिताको साथ काम गर्ने हो भने हामीसँग सबै कुरा उपलब्ध हुन्छन्। हामीसँग भएको प्राकृतिक स्रोत साधन, सम्पत्ती र पुँजीको एकिकृत परिचालन गर्नु मात्रै हाम्रा लागि आजको आवश्यकता हो। युवा व्यवसायी तथा व्यवसायमा आउन चाहने युवाहरुले स्टार्टअपमा देखाएको चासो, उर्जा, मेहनत र प्रतिबद्धताले के देखाइरहेको छ भने हाम्रो स्रोत साधन र क्षमतालाई समग्रमा उपयोग गर्न सकिरहेका थिएनौं, तर, अब ढिला नगरी हामी अघि बढ्नुपर्ने बेला आएको छ।

औद्योगिक क्षेत्रलाई प्रवर्द्धन गर्न के गर्नुपर्छ भन्ने कुरा यस क्षेत्रका उद्योगी, व्यवसायीबाट प्राप्त सुझावकै आधारमा बजेटमा समावेश गरिएको छ। उत्पादन बढाई निर्यात वृद्धि गर्ने र निर्यात गर्ने उद्योगीलाई सरकारले मदत गर्ने नीति बजेटमार्फत लिइएको छ र अहिले यहीं नीति अगाडी बढिरहेको छ। जुन देशमा उद्योगलाई प्राथमिकता दिने र निकासीलाई प्रोत्साहन गर्नेगरी सरकारले व्यवसाय र उद्योगमैत्री नीति ल्याएको छ, त्यहाँ बजेटको बिरोध हुनु दुःखत पक्ष हो। बजेटमार्फत हाम्रो अर्थतन्त्रलाई आत्मनिर्भर बनाउने गरी कृषि क्षेत्रको वृहत उत्पादनमा ध्यान दिइएको छ। ३० प्रतिशतका दरले कृषि बस्तुको आयात प्रतिस्थापन गर्ने लक्ष्य राख्दै कृषि क्षेत्रलाई रुपान्तरण गर्ने कार्यक्रम ल्याइएको छ।

पर्यटन क्षेत्रलाई विशेष प्राथमिकतामा राखेर लाखौं पर्यटन भित्र्याउने अवधारणाका साथ कार्यक्रम राखिएको छ। नेपालमा मात्रै रहेको सगरमाथा जाने, हेर्ने र चढ्ने लाखौंको चाहना छ। त्यहाँसम्म पुग्ने बाटो सजिलो बनाइदियो भने कति लाख मानिसहरु आउलान्, त्यतापट्टि बजेटमार्फत सोचिएको छ।

बजेटमार्फत सेवा क्षेत्रको निर्यात गर्ने लक्ष्य राखिएको छ। खासगरी आइटी क्षेत्रमा काम गरेर बिदेशी मुद्रा आर्जनमा विशेष ध्यान दिइएको छ। आइएटी क्षेत्रमा युवा बर्गले धेरै रुची देखाएर काम गरिरहेको हुँदा उनीहरुलाई प्रोत्साहन गर्नुपर्छ भनेर आइटी क्षेत्रमा कर मिनाहा गर्ने गरी १ प्रतिशत मात्रै कर लगाइएको छ। यस्तो व्यवस्थाले विश्वका ठूला ठूला आइटी कम्पनीहरु नेपाल आउने संभावना बढेको छ भने आइटी क्षेत्रमा नेपाली युवालाई पर्याप्त काम गर्ने अवसर दिलाउनेछ। बजेटले आइटी क्षेत्रलाई प्राथमिकता दिनासाथ भारतको हैदरावाद र मद्रासका दुई ठूला आइटी सम्बन्धी विश्वविद्यालयले नेपाल काम गर्ने गरी सहकार्य गर्न प्रारम्भिक समझदारी गरिसकेको अवस्था छ। आइटी क्षेत्रमा हजारौं, लाखौले रोजगारी पाउने बातावरण बन्न थालेको छ।

औद्योगिक क्षेत्रतर्फ विद्युत खपतमा २ देखी १५ प्रतिशतसम्म छुट दिने, निकासी गर्दा ८ प्रतिशतसम्म प्रोत्साहन शुल्क दिने नीतिले स्वदेशमा भएका उद्योग फस्टाउने र थप नयाँ ठूला उद्योग आउने र रोजगारी बढ्ने स्थिति सृजना गरिएको छ। कृषि क्षेत्रमा बाँझो जमिनको उपयोग बढाउनेदेखी मल कारखाना बनाउनेसम्मका कार्यक्रमहरुबाट उत्पादन बढाउने भनिएको छ। बजेटमार्फत गरिबी अन्त्य गर्ने र रोजगारी सृष्टि गर्ने कुरा गरिरहँदा यो कुरा अगाडी बढेको देख्न नसक्नेहरुले गलत मनसायका साथ गरिरहेका तर्कहरु हेर्दा तिनीहरुको अभिव्यक्ती राष्ट्रको पक्षमा छ की छैन भनेर विश्लेषण गर्नुपर्ने बेला भएको छ। कतिपयहरुले गैरजिम्मेवार ढङले देश श्रीलंका बनाउने कुरा गर्दै हिडेका छन्, के यो राष्ट्रको पक्षमा छ ? देशको अर्थतन्त्र सुदृढ र व्यवस्थित गर्नुपर्ने अहिलेको खाँचो हो। अन्तर्राष्ट्रिय मूल्य श्रृङ्खलाको प्रभाव हामीले पनि भोगिरहेका छौं। जसकारण मुलुकको अर्थतन्त्रमा चुनौती थपिएको यथार्थ हो। तर, अहिले देखिएको समस्या समाधान गर्न नसकिने होइन, हामी यो समस्यालाई समाधान गरेर सुदृढ अर्थतन्त्र निर्माणको अभियानमा अगाडी बढ्छौं।

'आयातबाट उत्पादनतर्फ, जोखिमबाट समष्टिगत आर्थिक स्थिरतातर्फ र बञ्चितितकरणबाट समावेशीतार्फ' मुलुकको अर्थतन्त्रलाई प्रस्थान गर्नेगरी सार्वजनिक भएको आगामी आबको बजेटले लिएको नीतिका कारण चालू आर्थिक बर्षको तुलनामा आगामी आर्थिक बर्ष व्यापार घाटा कम हुँदै जानेछ, निकासी वृद्धि हुँदै जानेछ, उद्योग थपिदै जानेछन्, रोजगारी र उत्पादन वृद्धि हुँदै जानेछन् भन्ने कुराको पूर्ण विश्वास दिलाउन चाहन्छु। किनभने देशभर स्वदेशमै उत्पादन वृद्धि गर्ने कुरामा सबै उद्योगी व्यवसायी एकमत हुनुहुन्छ। आन्तरिक उत्पादन वृद्धिमार्फत आत्मनिर्भर अर्थतन्त्र निर्माणको अभियानमा जुट्ने सबै उद्योगी, व्यवसायीलाई सरकारले सबै प्रकारका सहयोग गर्न तयार छ।

**कृषि क्षेत्र**

कृषि क्षेत्रमा उत्पादन र उत्पादकत्व वृद्धि गर्ने बारेका कार्यक्रमहरू बजेटको बुँदा नम्बर २७ मा स्पष्ट रूपमा उल्लेख गरिएका छन्। स्थानीय तहको सहजीकरणका लागि सबै किसानहरूलाई उत्पादक समूह, कृषि समूहलगायतका समूहमा आवद्ध गर्दै उत्पादनमा जोड दिने कुरा बुँदा बजेट बक्तव्यको १ सय १२ देखि १ सय १६ बुँदासम्मा उल्लेख गरिएको छ। बाँझो एवम् उपभोगविहीन खेतीयोग्य जमिनको उपयोग गर्ने कुरा पनि बजेटमा गरिएको छ। त्यस्तै किसानहरूलाई आवश्यक तालिम, मल, बीऊ उपलब्ध गराउने कुरा स्पष्ट रूपमा व्यवस्था गरिएको छ। उत्पादित कृषि उपजको बजार सुनिश्चित गर्ने, कृषि उपजका सङ्कलन केन्द्र बनाउने, साना र ठूला कोल्ड स्टोर बनाउनेलगायतको व्यवस्था गर्न लागिएको छ। यस किसिमको व्यवस्थापनबाट किसानहरूले अब आफ्ना उत्पादनको बजार नपाउने भन्ने चिन्ता गर्नुपर्ने अवस्थाको अन्त्य हुनेछ।

**ईस्उद्योग/व्यवसाय क्षेत्र**

औद्योगिक क्षेत्रको रूपान्तरण र निर्यात प्रवर्द्धन गर्ने कुरा बजेटमार्फत गरिएको छ। त्यसका लागि स्वदेशमा उपलब्ध कच्चा पदार्थमा आधारित उद्योगहरूलाई प्रवर्द्धन गर्ने कुरा बजेटमा राखिएको छ। त्यस्तै कृषिमा आधारित उद्योगहरूमा लगानी गर्ने वातावरण सिर्जना गर्ने भनिएको छ। उद्योगहरूलाई कच्चा पदार्थमा छुट दिनुका साथै बिजुली उपयोगमा समेत छुट दिइएको छ। वर्षमा १० करोडसम्म बिजुली उपयोग गर्ने सयौं उद्योगहरू छन्। त्यस्ता उद्योगहरूलाई महशुलमा छुट दिने व्यवस्था गरिएको छ। यसले औद्योगिक उत्पादन वृद्धि पक्कै गर्नेछ। अनि आयातलाई प्रतिस्थापन विस्तारै गर्दै लानेछ। यहीं व्यवस्थाका कारण निर्यातसमेत गर्न सकिने अवस्थामा पुग्नेछौं।

नवप्रवर्तनमा आधारित स्टार्ट अपलाई प्रोत्साहन गरी उद्यमशीलताको विकास मार्फत उत्पादन र रोजगारी सिर्जना गर्ने कार्यक्रम (बुँदा नं. ५२) राखिएको छ। यसले नयाँ उद्योग स्थापना हुनेछन् भने हजारौँले रोजगारी समेत पाउनेछन्। ग्रामीण अर्थतन्त्रको विकासको लागि कृषि र उद्यमशीलता वृद्धि गर्ने सबै श्रमयोग्य युवाहरूलाई तालिम र भेन्चर क्यापिटल मार्फत बीउ पुँजी उपलब्ध गराउने व्यवस्था गरिएको छ।

**गरिबी निवारण कसरी गर्ने ?**

गरिबी नेपालको प्रमुख समस्यामध्ये एक हो। यसको निवारण अपरिहार्य छ। त्यसका लागि निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसंख्यालाई पहिचान गरी परिचयपत्र वितरण गर्ने र तिनीहरूलाई सहुलियत खाद्यान्न उपलब्ध गराउने कार्यक्रम बजेटमा राखिएको छ। यसका साथै ग्रामीण क्षेत्रमा कृषि सडक विद्युतीकरण, खानेपानी, स्वास्थ्य तथा शिक्षा तर्फ बजेट केन्द्रित भएको छ। किसान र साना तथा मझौला उद्यमीलाई बीउ पुँजी र सहुलियतपूर्ण कर्जाको व्यवस्था, लिजमा जग्गा उपलब्ध गराउने कार्यक्रम पनि बजेटमा व्यवस्था गरिएको छ। यसले ग्रामीण तथा साना कृषक एवम् व्यवसायीलाई राहत हुने विश्वास गरिएको छ।

बेरोजगारहरूलाई व्यवसायिक र सीपमूलक तालिम दिएर सक्षम बनाउने साथै सहुलियतपूर्ण कर्जा दिने कुराले गरिबीको दरलाई घटाउने अपेक्षा गरिएको छ। एक लाख आवास घर निर्माण गरी पहिचान गरिएका गरिबहरूलाई हस्तान्तरण गर्ने, दलितहरूलाई आर्थिक सामाजिक क्षेत्रमा सबल बनाउनेलगायतका योजना अघि सारिएको छ। सामाजिक, सांस्कृतिक रूपान्तरणको कार्यक्रम सञ्चालन गरी सबै किसिमका सामाजिक विभेदहरूलाई हटाउने व्यवस्था बजेटले गरेको छ। हामीले विभेद गर्न हुन्न भनेर कानुन त निर्माण गरेका छौँ। विभेद गर्नु राम्रो होइन भनेर चेतना अभिवृद्धि भएको छैन। त्यसैले सांस्कृतिक रूपान्तरणले बलियो चेतना अभिवृद्धि गर्नेछ।

**शिक्षा क्षेत्र**

मुलुकमा निजी र सरकारी गरी दुई थरीका शिक्षा प्रणाली विद्यमान छन्। अब निजी र सरकारीमा हुने विभेद हट्नेछ। त्यसका लागि प्रविधिले सहयोग गर्नेछ। शिक्षा क्षेत्रमा रहेको धनी गरिबबीचको खाडल प्रविधिले पुरिदिनेछ। अब सरकारले शिक्षा क्षेत्रको भौतिक स्तरोन्नतती, प्रविधि, डिजिटल पूर्वाधार लगायतको व्यवस्था गर्नेछ।

कक्षा १२ मै व्यवसायिक दक्षता हासिल गराउने कार्यक्रम यो बजेटमा उल्लेख गरिएको छ। कक्षा १२ बाट पासआउट हुने विद्यार्थी अब सीप बिना बजारमा भौतारिनुपर्ने अवस्था कम हुँदै जानेछ। सैद्धान्तिक शिक्षा लिएर मात्र होइन अब प्राविधिक र प्रयोगात्मक शिक्षा लिनेछन्। विद्यार्थीहरू 'पढ्दै कमाउँदै' कार्यक्रममार्फत् व्यवसायिक र सीपयुक्त भएर बजारमा निस्कनेछन्। यसैगरी ड्रपआउट भएका र अन्य सबै युवालाई तालिमको व्यवस्था पनि गरिएको छ।

उच्च शिक्षालाई प्रभावकारी बनाउन नयाँ विषयहरू केन्द्रित गरिएको छ। विशेषगरी आइटी विषयलाई प्राथमिकता दिइएको छ। बजेट आइसकेपछि भारतको हैदरावाद र मद्रासका दुई ठूला आइटी सम्बन्धी विश्वविद्यालयले नेपालमा आउनका लागि इच्छा देखाएर प्रारम्भिक समझदारी पत्रमा हस्ताक्षर नै गरिसकेका छन्। अहिले नेपालबाट मेडिकल क्षेत्रमा अध्ययनका लागि हजारौं विद्यार्थीहरू नेपालबाहिर गइरहेका छन्। यसले अरबौं रुपैयाँ बाहिरिरहेको छ। त्यसलाई रोक्न पनि यहीं उच्च गुणस्तरीय मेडिकल तथा प्राविधिक शिक्षाको गुणस्तर विस्तार गर्ने कार्यक्रम राखिएको छ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# बालबालिकामा विभिन्न किसिमका क्यान्सर

काठमाडौँ, २१ असार (रासस)।

नेपालमा वार्षिक दुई हजारभन्दा बढी बालबालिकालाई विभिन्न किसिमको क्यान्सर हुने गरेको पाइएको छ।

काठमाडौँ महानगरपालिका स्वास्थ्य विभागको सहकार्यमा लायन्स क्लब अफ काठमाडौँ हारतीमाता, काष्ठमण्डप, युएनपार्क र गुराँसले मंगलबार यहाँ संयुक्त रूपमा आयोजना गरेको ‘बालबालिकालाई हुने क्यान्सर रोगको रोकथामसम्बन्धी सचेतना कार्यक्रम’मा वक्ताहरूले बर्सेनि विश्वभर तीन लाख तथा नेपालमा दुई हजारभन्दा बढी बालबालिकालाई विभिन्न किसिमका क्यान्सर हुने गरेको बताएका हुन्।

कार्यक्रममा हरिसिद्धिस्थित नेपाल क्यान्सर हस्पिटल एन्ड रिसर्च सेन्टरकी डा. अन्जली पण्डितले बालबालिकालाई बढी मात्रामा रगतको क्यान्सर हुने गरेको बताउनुभयो। उहाँले रगतबाहेक मस्तिष्क तथा ढाड, ग्रन्थी, आँखा, हड्डी, मिर्गौला, मांसपेशीलगायतमा क्यान्सर हुने देखिएको बताउनुभयो।

डा पण्डितले घाँटीमा गाँठो देखिनु, गिजाबाट रगत आउनु, आँखामा धब्बाहरू देखिनु, गालामा ट्युमर देखिनुलगायत क्यान्सरका लक्षणहरू भएकाले यसको समयमै उपचार गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले समयमै क्यान्सर पत्ता लगाउन सके उपचारले निको हुनेसमेत जानकारी दिनुभयो। डा पण्डितले बालबालिकामा हुने क्यान्सरमध्ये बालकलाई तीन वर्ष र बालिकालाई दुई वर्षमा उपचार गरी निको पार्न सकिने उल्लेख गर्नुभयो।

काठमाडौँ मेडिकल कलेज एन्ड शिक्षण अस्पतालका डा. आशिषलाल श्रेष्ठले बालबालिकामा हुने क्यान्सरको उपचार नेपालमा नै सम्भव छ भन्नुभयो। “बैलैमा रोगको जाँच र निदान भएमा बाल क्यान्सर पूर्ण रूपमा निको हुन्छ,” उहाँले जोड दिनुभयो।

डाक्टर श्रेष्ठले गर्भवती अवस्थामा मद्यपान तथा धुम्रपान गर्नाले, विकिरण तथा रसायनका कारणले, प्रदूषित वातावरण तथा अत्यधिक कीटनाशकको प्रयोगले र गर्भावस्थामा भ्रूणमा देखा परेको वंशाणुगत असन्तुलनले बालबालिकामा क्यान्सरको समस्या हुने गरेको देखिन्छ भन्नुभयो। उहाँले क्यान्सर भएका बालबालिकाका अभिभावकामा जनचेतना फैलाउन नसक्दा यसको उपचारमा कमी आएको उल्लेख गर्नुभयो।

काठमाडौँ महानगरपालिका स्वास्थ्य विभागका प्रमुख बलराम त्रिपाठीले विश्वव्यापी समस्याका रूपमा रहेको बाल क्यान्सरबाट नेपालमा पनि थुप्रै बालबालिकाहरू पीडित भएका र यसको रोकथामका लागि महानगरपालिकाले विभिन्न किसिमका जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आएको जानकारी दिनुभयो।

उहाँले काठमाडौँ महानगरवासीलाई स्वास्थ्य राख्न यस्ता सामाजिक संस्थासँग सधैँ सहकार्य गरेर अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। लायन्स क्लब अफ इन्टरनेशनल डिष्ट्रिक ३२५ एचका डिष्ट्रिक गभर्नर दिनेशप्रसाद श्रेष्ठले बालबालिकामा हुने क्यान्सरलाई समयमा पहिचान गर्न सके उपचार सम्भव छ भन्नुभयो।

सोही संस्थाका बाल्यअवस्थाको क्यान्सर सचेतना कार्यक्रमका संयोजक विकाससमान सिंहले नेपालमा बाल क्यान्सरको अवस्था भयावह रहेको तर उपचारका लागि निकै कम मात्रामा स्वास्थ्य संस्थामा पुग्ने गरेको र पुगेकाहरूमध्ये पनि ३० प्रतिशतले मात्र उपचारमा निरन्तरता दिने गरेको बताउनुभयो।

लायन्स क्लब अफ इन्टरनेशनलले स्वास्थ्य, वातावरण, प्राकृतिक विपत्ति रोकथाम, पौष्टिक आहार, गरिब तथा विपन्नलाई खाद्य सामग्री वितरण, हैजाबारे जनचेतनालगायत विभिन्न क्षेत्रमा जुलाई १ देखि सप्ताहव्यापी कार्यक्रम आयोजना गरेको लायन्स क्लब अफ काठमाडौँ हारतीमाताका अध्यक्ष अशोकमान महर्जनले जानकारी दिनुभयो।

# मधेस प्रदेश : लापरबाही गर्नेलाई कारबाही गर

धनुषा, २१ असार (रासस)।

जनकपुरधामस्थित प्रादेशिक अस्पतालले जाँचै नगरी शल्यक्रिया गर्दा बिरामीको ज्यान खतरामा परेको भन्दै घटनाको छानबिन गरी दोषीमाथि कारबाही गर्न मधेस प्रदेशका प्रदेशसभा सदस्यले माग गरेका छन्।

प्रदेशसभाको मंगलबारको बैठकको शून्य समयमा बोल्नुहुँदै प्रदेशसभा सदस्यले कुनै जाँचै नगरी पित्तथैली शल्यक्रिया गर्दा गर्भवती महिला बिभा चौधरीको स्वास्थ्य अवस्था जटिल भएकाले घटनाको छानबिन गरी दोषीमाथि कारबाही गर्न माग गरेका हुन्।

प्रदेशसभा सदस्य परमेश्वर साहले पित्तथैलीमा भएको पत्थरीको शल्यक्रिया गराउन प्रादेशिक अस्पतालमा भर्ना भएकी महोत्तरीकी बिभाको स्वास्थ्य जाँच नगरी चिकित्सकले शल्यक्रिया गर्दा उहाँको जीवन खतरामा पुगेको बताउनुभयो। शल्यक्रिया अघि भिडियो एक्सरे, एक्सरे गर्ने गरिन्छ, तर बिभाको शल्यक्रिया अघि अस्पतालले कुनै किसिमको जाँच गरिएको छैन”, प्रदेशसभा सदस्य साहले भन्नुभयो, “यो घटनामा चिकित्सकको चरम लापर्बाही देखिन्छ, चिकित्सकले संवेदनशीलता नदेखाएकाले गर्भवती महिलाको ज्यान खतरामा पुगेको छ। त्यसैले घटनाको सत्यतथ्य छानबिन गरेर चिकित्सकमाथि कारबाही गर्नुपर्छ।”

बिभाको घटनाले मधेस प्रदेशको स्वास्थ्य अवस्थालाई उजागर गरेको भन्दै प्रदेशसभा सदस्य सत्यनारायण मण्डलले लापर्बाही गर्ने प्रादेशिक अस्पतालका चिकित्सकलाई तत्काल कारबाही गर्नुपर्नेमा जोड दिनुभयो। प्रदेशसभा सदस्य मनिषकुमार सुमनले बिभाको जीवनसँग चिकित्सकले खेलवाड गरेको आरोप लगाउनुहुँदै शल्यक्रियामा संलग्न चिकित्सक मुख्य दोषी रहेकाले तत्काल छानबिन गरेर दोषी चिकित्सकको लाइसेन्स खारेज गर्नुपर्ने माग गर्नुभयो।

घटनामा चिकित्सकको लापर्बाही देखिए पनि अहिले चिकित्सकले शल्यक्रिया मैले गरेको होइन, मैले गरेको होइन भनी पन्छिन खोजेको आरोप लगाउनुहुँदै प्रदेशसभा सदस्य रानी शर्मा तिवारीले घटनाको छानबिन गरेर दोषीलाई कारबाही र पीडितलाई न्याय दिनुपर्ने माग गर्नुभयो।

यसैबीच प्रदेशसभाको बैठकले घटनाको छानबिन गरी १५ दिनभित्र प्रतिवेदन बुझाउन मधेस प्रदेशसभाअन्तर्गत महिला, बालबालिका तथा सामाजिक न्याय समितिलाई निर्देशन दिएको छ। सभामुख सरोजकुमार यादवले प्रादेशिक अस्पतालमा भएको सो घटना छानबिन गरी १५ दिनभित्र प्रतिवेदन बुझाउन समितिलाई निर्देशन दिनुभयो।

# अध्ययन समितिले मुख्यमन्त्री राउतलाई बुझायो प्रतिवेदन

जनकपुरधाम, २१ असार (रासस)।

मधेस प्रदेश सरकारको मुख्य प्रशासनिक भवनलगायतका भौतिक संरचना निर्माणका लागि जनकपुर चुरोट कारखाना परिसरनै उपयुक्त हुने सुझावसहितको प्रतिवेदन अध्ययन समितिले मंगलबार मुख्यमन्त्री लालबाबु राउतलाई हस्तान्तरण गरेको छ। मधेस प्रदेश सरकारद्वारा भौतिक संरचना निर्माणका लागि जग्गा पहिचान, प्राप्ति तथा पूर्वाधार निर्माणका लागि गठित अध्ययन समितिले मुख्यमन्त्री राउतलाई मंगलबार आफ्नो अध्ययन प्रतिवेदन हस्तान्तरण गरेको हो।

मधेस प्रदेशको स्थायी राजधानी जनकपुरधाम घोषणा भएपछि प्रदेश सरकारले आफ्नो मुख्य प्रशासनिक भवन लगायतका अन्य भौतिक संरचना निर्माणका लागि आवश्यक जग्गाको पहिचान तथा प्राप्तिका लागि भौतिक पूर्वाधार विकासमन्त्री राम सरोज यादवको संयोजकत्वमा गठन गरेको थियो। सो समितिले सरोकारवालासँगको छलफल पश्चात तयार पारेको प्रतिवेदन मुख्यमन्त्री राउतलाई हस्तान्तरण गरिएको समितिका संयोजकमन्त्री यादवले जानकारी दिनुभयो।

समितिले राजधानीको मूल संरचनाको लागि हाल प्रदेश सरकारको मुख्यालय रहेको जनकपुर चरोट कारखाना परिसरलाई नै मुख्य प्राथमिकतामा राखी राजधानीभित्रका अन्य सार्वजनिक तथा गुठी अधिनस्थ जग्गालाई समेटेर प्रतिवेदन तयार पारेको मन्त्री यादवले बताउनुभयो।

जनकपुर चुरोट कारखाना परिसरलाई प्रशासनिक केन्द्र, चरण विकासको जग्गा तथा हाल प्रदेशसभा भवन रहेको क्षेत्रको जग्गामा आभाव क्षेत्र लगायतका अन्य संरचना निर्माणका लागि सिफारिस गरिएको मन्त्री यादवको भनाइ छ। प्रतिवेदन ग्रहण गर्नुहुँदै मुख्यमन्त्री राउतले प्रतिवेदनलाई आउने मन्त्री परिषदको बैठकबाट स्वीकृति प्रदान गरी साउन पहिलो सातादेखि नै जग्गा प्राप्तिको प्रक्रिया थालिने बताउनुभयो।

डा. आदर्श कुमार सिंह
Dr. Adarsh Kumar Singh
MBBS, MD TU
NMC Reg. No. : 9413
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774 / Mo. No : 9819721526, 9852820734

## विश्व समाचार

### लाओसमा छ महिनामा छ हजारभन्दा बढी डेंगु ज्वरोबाट संक्रमित

भेन्टियान, २१ असार (रासस-सिन्ह्वा)।

लाओसमा सन् २०२२ को पहिलो छ महिनामा ६,०४७ डेंगु ज्वरोका बिरामी फेला पारेका छन्। भाइरसका कारण आठ जनाको मृत्यु भएको लाओसको स्वास्थ्य मन्त्रालयले जनाएको छ।

लाओ स्वास्थ्य मन्त्रालयअन्तर्गतको स्वास्थ्य सूचना तथा शिक्षा केन्द्रको सोमबारको प्रतिवेदनअनुसार लाओसको राजधानी भेन्टियानमा सबैभन्दा बढी तीन हजार १९३ डेंगुका बिरामी फेला परेका छन्।

लाओ स्वास्थ्य अधिकारीले मानिसलाई डेंगुको फैलावट रोक्न मद्दतको लागि उनीहरूको घर र कार्यस्थल वरपरको सम्भावित लामखुट्टे प्रजनन हुनसक्ने ठाउँ विशेष निगरानी राख्न अनुरोध गरेको छ।

### डुङ्गा डुब्दा १५ मछुवा बेपत्ता

जाकार्ता, २१ (रासस/सिन्ह्वा)।

इन्डोनेसियाको आरफुरा समुन्द्रमा डुङ्गा डुब्दा कम्तीमा पनि १५ जना मछुवा (माछा मार्ने व्यक्ति) बेपत्ता भएका छन्।

डुङ्गा डुब्दा ती मछुवा बेपत्ता भएका र उनीहरुको खोजी कार्य जारी रहेको इन्डोनेसियाका अधिकारीले जानकारी दिएका छन्।

उनीहरु गएको शनिबारदेखि नै बेपत्ता रहेका र खोजीकार्य जारी रहेको उद्धारटोलीमा खटेका एकजना अधिकारीले जानकारी दिएका छन्।

उनका अनुसार मङ्गलबार खराब मौसम तथा हावाहुरीका कारण यहाँको आरफुरा समुन्द्रमा डुंगा पल्टिएको थियो। उक्त डुंगा दुर्घटनापछि यसका रहेका मछुवामध्ये कम्तीमा पनि १५ अहिलेसम्म पनि बेपत्ता रहेका छन्।

उद्धारकार्यमा खटेका अधिकारीले दिएको जानकारीअनुसार उनीहरु आइतबार र सोमबार खोज्दा पनि भेटिएका छैनन्।

इन्डोनेसियाको पपुवा प्रान्तमा अवस्थित खोजी तथा उद्धारसम्बन्धी कार्यालयका प्रवक्ता दर्मावान विदीले दिएको जानकारीअनुसार सो डुंगामा कम्तीमा पनि २५ नागरिक रहेका थिए।

तीमध्ये १० को शनिबार नै सकुसल उद्धार गरिएको थियो भने अरु १५ हराइरहेका छन्। उद्धार जारी रहेको तर उनीहरु जीवितै भेटिने सम्भावना भने अब नरहेको अधिकारीले जनाएका छन्।

### मानवीय सहायता उपलब्ध गराउन अपिल

जुबा, २१ असार (रासस/सिन्ह्वा)।

सुडानका लागि संयुक्त राष्ट्रसङ्घले मावनीय सहायताको अपिल गरेको छ। संयुक्त राष्ट्रसङ्घले दक्षिण सुडानका लागि तत्काल कम्तीमा पनि ४० करोड अमेरिकी डलर बराबरको सहायता जरुरी परेको भन्दै सोका लागि अपिल गरेको हो।

दक्षिण सुडानका लागि संयुक्त राष्ट्रसङ्घीय विशेष प्रतिनिधि सारा बियोस्लो नान्तीले सो अपिल गर्नुभएको समाचारमा जनाइएको छ।

अहिले दक्षिण सुडानमा खाद्यान्नदेखि अन्य न्यूनतम मानवीय सहायताको पनि खाँचो परेकाले तत्कालका लागि यो रकम आवश्यक परेको उहाँको भनाइ छ।

उहाँले भन्नुभएको छ, हामीले यो सहयोग रकम विश्वसँग नै अपेक्षा गरेका छौं, हामीलाई लाग्छ दक्षिण सुडानका नागरिकका लागि कुनै न कुनै रुपमा तत्कालै यो रकमको आवश्यकता परेको छ।

अन्य सहायताका अतिरिक्त अहिले नै यहाँका महिला तथा बालबालिकालाई खाद्यान्नको आवश्यकता छ र उनीहरुलाई अझ बढी त पोषणको पनि जरुरत रहेको छ, उहाँले भन्नुभएको छ।

आवश्यक पोषण र खाद्यान्नको अभावमा यहाँका बालबालिका कुपोषणको शिकार भइरहेका र कतिपय स्थानका नागरिकले खाद्यान्न र औषधिजस्तो आधारभूत आवश्यकता नै पाउन नसकेका भन्दै यसअघिदेखि नै संयुक्त राष्ट्रसङ्घले दक्षिण सुडानका लागि सहायताको जरुरत परेको बताउँदै आएको थियो।

### पहिरोमा परी ४८ को मृत्यु

नयाँदिल्ली, २१ असार (रासस/सिन्ह्वा)।

भारतको उत्तरपूर्वी राज्य मणिपुरमा गएको पहिरोमा बेपत्ता भएकाको खोजीकार्य मङ्गलबार छैटौं दिनमा प्रवेश गरेको छ। साथै यस पहिरोमा परी मृत्यु हुनेको संख्या ४८ पुगेको अधिकारीले बताएका छन्।

गत हप्ता नोने जिल्लाको टुपुल यार्ड रेलवे निर्माण शिविरमा पहिरो गएको थियो। यहाँ प्रमुख रेलवे लाइन निर्माणस्थलको सुरक्षा गरिरहेका धेरैजसो कर्मचारी मृत्यु भएको थियो।

राष्ट्रिय प्रकोप उद्धार बल, राज्य प्रकोप उद्धार बल, प्रहरी, दमकल, सेना, स्थानीय स्वयंसेवक र अन्यका ४०० भन्दाबढी कर्मचारी उद्धारकार्यमा संलग्न रहेको अधिकारीले बताएका छन्। पहिरोले तामेङलङ र नोनी जिल्लाबाट बग्ने खोला पूर्णरुपमा अवरुद्ध भएको छ।

# अपहरणमा परेका तीन वर्षीय बालकको १५ दिनपछि सकुशल उद्धार

धनुषा, २१ असार (रासस)।
जनकपुरबाट अपहरणमा परेका तीन वर्षीय बालकलाई प्रहरीले १५ दिनपछि सकुशल उद्धार गर्न सफल भएको छ।

भारत सीतामढी बर्गनिया प्रखण्ड घर भई हाल धनुषाको जनकपुर उपमहानगरपालिका-७ भमरपुराचोक डेरा गरी बस्ने हरिओम चौधरीको तीन वर्षीय नाबालक छोरा सोहन चौधरीको दुई सातापछि प्रहरीले उद्धार गर्न सफल भएको हो।

अपहरणमा संलग्न आरोपमा एक महिलालाई समेत प्रहरीले बालकसहित पक्राउ गरेको छ। पक्राउ पर्नेमा महोत्तरीको पिपरा गाउँपालिका-४ बस्ने ५५ वर्षीया मैथुन खातुन हुन्। खातुनलाई बालकसहित प्रहरीले मंगलबार दिउँसो पक्राउ गरेको हो।

आफ्नै घरमा बालकलाई लिएर खातुन लुकेकी थिइन्। विशेष सुराकीको आधारमा पत्ता लगाई बालकको उद्धार गरी ती महिलालाई पक्राउ गरिएको धनुषाका प्रहरी उपरीक्षक वसन्त रजौरेले जानकारी दिनुभयो।

गत असार ६ गते बिहान ७ बजे घर अगाडि खेल्न कोठाबाट बाहिर निस्केका बालक अपहरणमा परेका थिए। एक महिलाले बालक लगेको स्थानीयवासीले भने पनि ती महिलाको परिचय खुलेको थिएन।

जानकारी हुने बित्तिकै बालकको खोजतलासमा धनुषा प्रहरी सक्रिय भएको थियो। जिल्ला प्रहरी कार्यालय धनुषाबाट खटिएको प्रहरी टोलीले इलाका प्रहरी कार्यालय सहोडवा, महोत्तरीको सहकार्यमा बच्चा अपहरण गर्ने महिलालाई घरबाटै पक्राउ गरेको जनाएको छ।

पक्राउ परेकी खातुनउपर अपहरण तथा शरीर बन्धक शीर्षकमा मुद्दा दायर गरी थप अनुसन्धान अगाडि बढाइएको प्रहरी उपरीक्षक रजौरेले बताउनुभयो।

# पर्साका तीनसहित २६ अस्पताल सम्मानित

वीरगञ्ज, २१ असार (रासस)।
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वीरगञ्जका वीरगञ्ज हेल्थकेयर अस्पताल, नेशनल मेडिकल कलेज तथा दृष्टि आँखा अस्पताल प्रशंसापत्रसहित सम्मान गरेको छ।

मन्त्रालयसँग 'स्वचालित विद्युतीय प्रणालीमा आधारित स्वास्थ्य सेवा' सञ्चालन गर्न सम्झौता गरेका देशभरिका १२६ अस्पतालमध्ये ती अस्पताल सहित अन्य २६ अस्पताल सम्मानित भएका हुन्। सूचना प्रविधि प्रणालीमार्फत सामाजिक सुरक्षा कोषसँग आबद्ध भई कोषका स्वास्थ्य सुविधा योजना प्रदान गरेवापत अस्पताललाई सम्मान गरिएको हो।

सम्मानित हुनेमा झापाका तीन, मोरङका चार, सुनसरीका एक, सप्तरीका एक, सर्लाहीका एक, चितवनका एक, रूपन्देहीका एक, बाँकेका दुई, काभ्रेपलाञ्चोकका एक, काठमाडौँका छ, ललितपुरका एक, कास्कीका एक अस्पताल छन्।

यो कार्यक्रम लागू भएपछि कोषमा दर्ता भएका योगदानकर्ताले तोकिएका अस्पतालबाट उपचार सेवामा ८० प्रतिशत छुट पाउँछन्। अस्पतालले सो ८० प्रतिशत भुक्तानी मन्त्रालयबाट पाउँछन्। सामाजिक सुरक्षा कोषअनुसार सूचीकरण भएका हरेक रोजगारदाता र योगदानकर्तालाई कोषले सामाजिक सुरक्षा नम्बर प्रदान गर्दछ र सोही नम्बरमा जम्मा हुनेगरी प्रत्येक महिनाको १५ गतेभित्र रोजगारदाताको तर्फबाट आधारभूत पारिश्रमिकको २० प्रतिशत र योगदानकर्ताको तर्फबाट ११ प्रतिशत रकम कट्टा गरी कोषमा अनलाइन भुक्तानी प्रणालीमार्फत रकम जम्मा गर्नुपर्ने नियम छ।

विसं २०७५ मङ्सिर ११ गतेदेखि सञ्चालनमा आएको यो कार्यक्रमबाट हालसम्म करिब ३२ हजार श्रमिकले कोषले प्रदान गर्ने विभिन्न सुविधा लिइसकेका छन् भने करिब १२ हजार जनाले औषधोपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजनाअन्तर्गतका सुविधा, ७३४ जनाले दुर्घटना तथा अशक्त सुविधा, २२४ जनाले आश्रित परिवार सुविधा र १९ हजारले वृद्धावस्था सुविधा लिएको मन्त्रालयले जनाएको छ। यो अवधिमा योगदानकर्ताबाट करिब रु २० अर्ब रकम जम्मा भएको छ भने योगदानकर्तालाई रु एक अर्ब ५७ करोड भुक्तानी गरिसकिएको जनाइएको छ।

# काठमाडौँमा थप दुई जनामा हैजा

काठमाडौँ, २१ असार (रासस)।
काठमाडौँ उपत्यकामा थप दुई जनामा हैजा भेटिएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका निर्देशक डा चुमनलाल दासले कागेश्वरी मनहरा नगरपालिकामा दुई बालकमा हैजा पुष्टि भएको जानकारी दिनुभयो। ती दुवै बालकमा हिजो हैजा पुष्टि भएको हो।

योसँगै उपत्यकामा हैजाका बिरामी १९ पुगेका छन्। उहाँका अनुसार कागेश्वरी मनहरा नगरपालिका-६ का ४ र ६ वर्षका बालकमा हैजा भेटिएको हो। उहाँले ती दुवै बालक स्थानीय अस्पतालमा उपचारपछि घर फर्किएको बताउनुभयो। हैजा तथा झाडापखाला रोगबाट बच्नका लागि उमालेको वा क्लोरिन झोल हालेर शुद्धिकरण गरिएको पानी मात्र पिउन आग्रह गरिएको छ। खाना बनाउनु अघि र पछि, दिसापिसाब गरेपछि र फोहर चलाएपछि राम्रोसँग साबुनपानीले हात धुनुपर्दछ।

यस्तै, खानेपानी सधैँ सफा भाँडोले छोप्न, खानेकुरा राम्ररी पकाएर खान, सडेगलेको, बासी र झिँगा भन्केको खानेकुरा नखान समेत स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले अनुरोध गरेको छ। झापापखाला लागे झोलिलो खानेकुरा खान पनि आग्रह गरिएको छ।

# किसानको न्यूनतम विद्युत् महसुल महानगरपालिकाले तिर्ने

वीरगञ्ज, २१ असार (रासस)।
पर्साको वीरगञ्ज महानगरपालिकाले आगामी आर्थिक वर्ष २०७९/८० मा महानगरपालिका भित्रका मुख्य पेसा कृषि बनाएका किसानको सिचाइँको न्यूनतम विद्युत् महसुल महानगरपालिकाले बेहोर्ने भएको छ।

आगामी आर्थिक वर्ष २०७९/८० को नीति कार्यक्रम तथा बजेटमा मासिक रूपमा बढीमा ३० युनिटसम्म बिजुली खपत गर्ने उपभोक्ताको महसुल पनि महानगरपालिकाले नै तिर्ने वार्षिक नीति कार्यक्रम तथा बजेटमा उल्लेख गरिएको छ। यसैगरी वीरगन्ज महानगरलाई शैक्षिक 'हब'को रूपमा विकास गरिने पनि योजना अघि बढाइएको छ।

छोरीलाई शिक्षित र आत्मनिर्भर बनाउन महानगरका ग्रामीण वडामा कन्या विद्यालय र क्याम्पस स्थापनाको पहल अघि बढाइने नगरप्रमुख राजेशमान सिंहले जानकारी दिनुभयो। महानगरका ३२ वटै वडालाई सडक सञ्जालमार्फत जोड्न चक्रपथको निर्माण गरिने कार्यक्रम पनि नीति कार्यक्रम तथा बजेटमा समावेश गरिएको छ।

वीरगन्ज महानगरको एकीकृत सहरी विकास योजना बनाइ त्यही अनुसार सहरी विकास कार्यलाई अगाडि बढाइने योजनासमेत समावेश गरिएको छ। वडा नं ३० र ३१ मा रहेको गुठी संस्थानको ६५० बिघा जग्गा भाडामा लिएर पूर्वाधारसहितको औद्योगिक क्षेत्र स्थापना गर्न प्रक्रिया अघि बढाइने जनाइएको छ।


## सवारी दुर्घटना हुन नदिन सावधान रहौं।

- सवारी साधन चलाउनु अघि सवारीको अवस्थाबारे जाँच गरौं।
- मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं।
- क्षमताभन्दा बढी यात्रु र सामान नराखौं।
- अनियन्त्रित र तीव्रगतिमा सवारी साधन नचलाऔं।
- चालकले मादक पदार्थ सेवन गरेको शंका लागेमा तुरुन्त प्रहरीलाई खबर गरौं।
- सवारी साधनको नियमित मरम्मत सम्भार गरौं।

मधेश प्रदेश सरकार
आम सञ्चार प्राधिकरण
जनकपुरधाम

## सर्पदंशबाट आफु पनि बचौं र अरुलाई पनि बचाऔं।

१. गर्मी महिनामा घरवरिपरी सर्प लुक्न सक्ने ठाउँहरु खोजी गरी व्यवस्थापन गरौं।
२. खुल्ला स्थानमा शौच नगरौं।
३. सकभर खाली खुट्टा नहिडौं।
४. रातिको समयमा बाहिर निस्किनुपर्दा टर्च लाइट तथा लठ्ठीको अनिवार्य प्रयोग गरौं।
५. सुत्नेबेलामा ओछ्यान राम्ररी हेरौं र झुलको प्रयोग गरौं।
६. पराल, दाउरा, गोइठा आदि झिँक्दा सावधानी अपनाऔं।

मधेश प्रदेश सरकार
आम सञ्चार प्राधिकरण
जनकपुरधाम

## जंगली च्याउहरु विषालु पनि हुनसक्छन्, त्यसैले राम्ररी पहिचान गरेर मात्र खाऔं।

खेती गरेर उमारेका च्याउ मात्र खाने गरौं।
अमुल्य जीवन सुरक्षित गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्। हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit | City Express Money Transfer | Best Remit Quick & Easy | Prabhu Money Transfer — रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम | IME International Money Express | himal remit हिमालरेमिट | CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*